# प्रशोधन केन्द्र तथा टिस्युकल्चर ल्याव स्थापना सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७५

प्रदेश मन्त्रिपरिषदबाट स्वीकृत :२०७५।०८।१०

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

**गण्डकी प्रदेश**

**पोखरा, नेपाल**

## प्रशोधन केन्द्र तथा टिस्युकल्चर ल्याव स्थापना सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७५

**प्रस्तावनाः**

कृषि क्षेत्रको विकास तथा व्यवसायिकरण सँगै कृषि उत्पादनको ढुवानी, संचय तथा प्रशोधनको क्षेत्रमा अपेक्षित मात्रामा सुधार हुन नसक्दा कृषि उत्पादनको ठूलो हिस्सा बाली कटानी, ढुवानी, भण्डारण तथा प्रशोधनको क्रममा नोक्सानी भैरहेको छ ।जसले गर्दा उत्पादकहरुले आशातित् प्रतिफल पाउन सकेका छैनन भने उपभोक्ताहरुले पनि चर्को मुल्य तिर्नु परिरहेको छ ।यसको साथै अन्तराष्ट्रिय बजारको मापदण्ड अनुसारको प्रशोधन, प्याकेजिङ्ग, ढुवानी तथा भण्डारणको व्यवस्था हुन नसक्दा नेपाली कृषि उपज विशेष गरेर अलैंची, अदुवा, बेसार र कफी छिमेकी देश लगायत अन्तराष्ट्रिय बजारमा प्रबेश पाउन तथा प्रतिस्पर्धा गर्न नसकेको अवस्था पनि विद्यमान रहेको छ । तसर्थ आधुनिक प्रविधिहरुको प्रयोग गरी बाली उत्पादनोपरान्त हुने क्षतीको न्यूनीकरण हुनाको साथै टिस्युकल्चर ल्याव स्थापना मार्फत गुणस्तरीय र रोगमुक्त विरुवाहरुमा कृषक वर्गको पहुँच बढाई सस्तो मुल्यमा गुणस्तरीय कृषि उपज उपभोक्ताहरुलाई उपलब्ध गराउनको साथै अन्तराष्ट्रिय बजारमा समेत नेपाली कृषि उत्पादनको प्रतिस्प्रर्धात्मक क्षमता बढाउने सन्दर्भमा गण्डकी प्रदेशको आ.ब. २०७५।७६ को वार्षिक बजेटमा समावेश भएको प्रशोधन केन्द्र तथा टिस्युकल्चर ल्याव स्थापना सहयोग कार्यक्रम सञ्चालनलाई पारदर्शी र प्रभावकारी बनाउनको लागि कार्यविधि बनाई प्रदेश सरकार मन्त्रिपरिषदबाट स्वीकृत गराउन बान्छनीय भएकोले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो कार्यबिधि तयार गरेको छ ।

### परिच्छेद १

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१) यो कार्यविधिको नाम "**प्रशोधन केन्द्र तथा टिस्युकल्चर ल्याव स्थापना सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७५**" रहेको छ ।

२) यो कार्यविधि प्रदेश सरकारबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

१) **"प्रशोधन केन्द्र"** भन्नाले बाली उत्पादनोपरान्त क्षति न्युनिकरण गर्न कृषि उपज धुने, पखाल्ने, स्तरीकरण गर्ने, छाट्ने, प्रिकुलिङ्ग गर्ने, भौतिक जैविक तथा रासायनिक प्रदुषण हटाउने, आधारभूत औद्योगिक कच्चा पदार्थ तयार गर्ने डिग्रीनिङ्ग गर्ने, फल पकाउने, रोगकिरा नष्ट गर्ने, तातो वा चिसो उपचार गर्ने, ग्रेडिङ्ग गर्ने, सुकाउने, प्रशोधन गर्ने, प्याक गर्ने, गुणस्तर परिक्षण प्रयोगशाला, लेवल लगाउने, बार कोड टाँस्ने, सफ्टवयर, सुचना प्रणाली नियन्त्रण कक्ष, प्रमाणीकरण गर्ने मेसिन, औजार उपकरण सहितको भवन वा संस्थालाइ जनाउँदछ ।

२) "**टिस्युकल्चर ल्याव**" भन्नाले निर्मलीकृत वातावरणमा विरुवाको कुनै भाग/तन्तु/कोष प्रयोग गरी रोगमुक्त विरुवा उत्पादन गर्ने आधुनिक प्रविधियुक्त प्रयोगशाला भन्ने जनाउँदछ ।

३) **"पोष्टहार्भेष्ट भण्डारण संरचना"** भन्नाले कृषि उपजको उत्पादन स्थलबाट उपभोक्ता सम्म पुर्याउने काममा क्षति न्यूनिकरण गर्न आवश्यक पर्ने विभिन्न संरचनाहरु जस्तैः बाली कटानी पछि उत्पादन स्थलमा नै छोटो समयको लागि राखिने भण्डारण (Precooling shed), संकलन केन्द्र, गोदाम घर, शीतघर, पल्पिङ सेन्टर आदीलाई समेत जनाउँदछ ।

४) **"अनुदानग्राही"** भन्नाले यस कार्यविधी बमोजिम लागि अनुदान सहयोग पाउनका लागि छनौट भएका कृषि फर्म/कम्पनी, कृषक समुह र कृषि सहकारी संस्थालाई जनाउँदछ ।

५) **"स्थानीय तह"** भन्नाले यस कार्यविधी अनुरुप कार्यक्रम सञ्चालनमा सहयोग र समन्वय गर्ने गाऊंपालिका/नगरपालिका /उपमहानगरपालिका/महानगरपालिका भन्ने जनाउँदछ ।

६) **"मन्त्रालय"** भन्नाले भूमि व्यवस्था कृषि, तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशलाई जनाउँदछ ।

७) **"निर्देशनालय"** भन्नाले उक्त मन्त्रालय मातहतको कृषि विकास निर्देशनालयलाई जनाउँदछ ।

८) **"केन्द्र"** भन्नाले कार्यक्रम लागु भएको क्षेत्रको कृषि ज्ञान केन्द्रलाई जनाउँदछ ।

९) **"मातहतका निकाय"** भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मातहतका कृषि विकास निर्देशनालय र कृषि ज्ञान केन्द्र भन्ने सम्झनु पर्दछ ।

१०) **"सम्बन्धित कार्यालय "**भन्नाले यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गर्ने मन्त्रालय वा मन्त्रालय मातहतका कार्यालय भन्ने सम्झनु पर्दछ ।

११) **"परियोजना"** भन्नाले प्रशोधन केन्द्र वा टिस्युकल्चर ल्याव संरचना निर्माणलाई जनाउँदछ।

१२) **"समिति"** भन्नाले परियोजना प्रस्ताव मुल्याङ्कन गर्न गठित दफा ६ बमोजिमको मुल्याङ्कन समितिलाई जनाउँदछ।

## ३. कार्यक्रम संचालनको उद्देश्य :

यस कार्यक्रम सञ्चालनको उद्देश्य देहाय बमोजिम रहेको छ ।

१) राष्ट्रिय तथा अन्तराष्ट्रिय मापदण्ड अनुसारको कृषि उत्पादन तयार गरी उपभोक्ताहरुलाई स्वच्छ, ताजा, भरपर्दो, गुणस्तरीय कृषि बस्तुहरु आन्तरिक साथै बाह्य बजारमा समेत नेपाली कृषि उत्पादनको पहुँच बढाउन सहयोग पुर्‍याउने ।

२) प्रशोधनको लागि आवश्यक पर्ने सामाग्री तथा औजार प्रयोग गरी गुणस्तरीय कृषि उत्पादनको साथै क्षति न्युनीकरण गर्न सहयोग पुर्याउने ।

३) टिस्युकल्चर ल्यावको प्रयोगद्वारा गुणस्तरीय र रोगमुक्त विरुवाहरुको उपलब्धता बृद्धि गर्ने ।

## परिच्छेद — २

## कार्यक्रम संचालन विधि

**४. कार्यक्रम सञ्चालन :**

१) यो कार्यक्रम मन्त्रालय वा मातहतका निकायमार्फत कार्यक्रम सञ्चालन हुनेछन् ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै कारणवश मन्त्रालय वा मातहतका निकायबाट कार्यक्रम संचालन गर्न नसकिने भएमा सम्बन्धित स्थानीय तहको समन्वयमा कार्यक्रम संचालन गर्न सकिनेछ।

**५. प्रस्ताव माग गर्ने :**

१) परियोजना निर्माणको लागि सहयोग पुर्याउन अनुदान दिने उदेश्यले सम्बन्धित कार्यालयले ३० दिने म्याद दिई राष्ट्रिय पत्रिकामार्फत प्रस्ताव आह्वान गरी अनुसूची-१ बमोजिमको सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ ।साथै उक्त सूचना सम्बन्धित कार्यालयको वेभसाईट, ज्ञान केन्द्र र स्थानीय तहको सूचनापाटीमा समेत टाँस गर्नुपर्नेछ । सुचना प्रकाशन गर्दा अनुसूची-६ बमोजिमका मूल्यांकनका आधारहरू सार्वजनिक सूचना मार्फत प्रस्ताव आह्वान गर्दा एकैसाथ प्रकाशित गर्नुपर्नेछ ।

२) सूचना प्रकाशन भए अनुरुप निजि कम्पनी वा सहकारी संस्थाले देहायबमोजिमका सबै प्रमाण संलग्न गरी अनुसूची-२ बमोजिम निवेदनको साथमा अनुसूची-३ बमोजिम भरिएको प्रस्ताव पेश गर्न सक्नेछन्।

क) माग निवेदनको साथ फर्म वा संस्था प्रचलित ऐन बमोजिम आधिकारिक निकायमा दर्ता भएको प्रमाणपत्र, स्थायि लेखा नम्बर, करचुक्ता प्रमाणपत्रको प्रतिलिपी एक/एक प्रति ।

ख) समुह, सहकारी वा संस्थाको हकमा कार्यसमितिको बैठकले परियोजना निर्माण सहयोग कार्यक्रम माग गर्नको लागि गरेको निर्णयको प्रतिलिपि ।

ग) परियोजना निर्माण गर्न आवश्यक जग्गा सम्बन्धित स्थानिय तहको सहमतिमा व्यवस्था भएको तथा उक्त संरचना निर्माणका लागि सम्बन्धित स्थानिय तहले उपलब्ध गराएको वा गराउने अनुदान सहयोग सहितको सिफारिस ।

घ) परियोजना निर्माणका लागि आवेदक वा निजको परिवारको स्वामित्वमा पर्याप्त जग्गा रहेको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि वा कम्तिमा २० बर्ष लिजमा लिएको खुल्ने सक्कल कागज।

ङ) कम्तिमा २० बर्ष सम्म प्रस्तावित परियोजना सञ्चालन गर्ने प्रतिबद्धता पत्र ।

१) उपदफा (१) र (२) बमोजिम पेश हुन आएका प्रस्तावहरू सम्बन्धित कार्यालयले संकलन गरी दर्ता गर्नेछ ।

**६. समिति :**

१) दफा (५) बमोजिम प्राप्त प्रस्तावहरुको अनुसूची-६ को मुल्याङ्कनका आधारहरुमा मुल्याकंन गर्न निर्देशनालयमा देहायबमोजिमको समिति गठन हुन्छ ।

| | | |
|---|---|---|
| क) | प्रमुख, निर्देशनालय | संयोजक |
| ख) | प्रमुख, खाध्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखा, मन्त्रालय | सदस्य |
| ग) | कृषि ईन्जिनियर, कृषि यान्त्रिकरण शाखा, निर्देशनालय | सदस्य |
| घ) | आर्थिक मामिला तथा योजना मन्त्रालयको अधिकृत स्तरको प्रतिनिधि | सदस्य |
| ङ) | प्रमुख, कृषि यान्त्रिकरण शाखा, निर्देशनालय | सदस्य सचिव |

२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।अनुदानग्राही छनौट भएपश्चात बस्ने समितको बैठकहरुमा आवश्यकता अनुसार सम्बन्धित स्थानिय तहको प्रतिनिधि र सम्बन्धित जिल्लाको कृषि ज्ञान केन्द्रको प्रमुखलाई आमन्त्रण गर्नसक्नेछ ।साथै समितिले बैठकमा विषय संग सम्बन्धित बढीमा दुईजनालाई आमन्त्रण गर्नसक्नेछ ।

३) परियोजना कार्यान्वयन हुने क्षेत्र संग सम्बन्धित स्थानीय तह संग आवश्यक समन्वय र सहजीकरणको काम केन्द्रले गर्नेछ ।

**७. समितिको काम कर्तव्य र अधिकार :**

१) यस कार्यविधि अनुसार समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन ।

क) प्रस्ताव मुल्याङ्कनका आधारहरु तयार गर्ने ।

ख) मुल्याङ्कनको आधारमा सुची तयार गरी योग्य प्रस्तावहरुको छनौटका लागि मन्त्रालयमा सिफारिस गर्ने ।

ग) प्रस्तावको माग, डिजाइन तथा लागत अनुमान, अनुदान माग गरेको रकम र बजार मुल्यको आधारमा मन्त्रालयबाट छनौट भएको प्रस्तावकहरुलाई अनुदान तोक्ने ।

घ) निर्माणाधीन परियोजनाको अनुगमन गरी निर्माण सम्बन्धमा मार्गदर्शन दिने ।

ङ) अनुदान रकमको हिसाब नगर्ने वा सदुपयोग नगर्ने अनुदाग्राहीलाई कारवाही अघि बढाउने ।

च) परियोजना सम्बन्धि अन्य आवश्यक काम गर्ने ।

२) स्वीकृत प्रस्तावकसँग संझौता गरी प्रस्ताव कार्यान्वयन अघि बढाउने काम निर्देशनालयको हुनेछ।कथंकदाचित स्वीकृत प्रस्तावकले तोकिएको समय भित्र संझौता गर्न नआएमा वा कार्य अघि नबढाएमा प्राथमिकता क्रममा त्यस पछि रहेका प्रस्तावकसंग संझौता गर्न सक्नेछ ।

४) एकै बर्षमा सम्पन्न हुन नसक्ने ठुला परियोजनाको हकमा संरचना निर्माण तथा मेशिनरी/उपकरण खरीद तथा जडान गर्ने कार्य बहुबर्षिय आयोजनाको रुपमा प्रस्ताव गर्न सकिनेछ।

## परिच्छेद -३

## अनुदान प्रवाह बिधि

### ८. अनुदान प्रवाह बिधि :

१) दफा (६) बमोजिम गठित समितिबाट मूल्यांकन गरि छनौटका लागि सिफारिस भएका प्रस्तावहरुको छनौट गर्ने अधिकार मन्त्रालयलाई हुनेछ । प्रस्तावको छनौट पश्चात अनुदानग्राहीले परियोजना निर्माणको लागि ईन्जिनियरमार्फत स्थलगत सर्भेक्षण गराएर लागत इष्टिमेट तयार गरी स्वीकृतिको लागि निर्देशनालयमा पेश गर्नु पर्नेछ ।

२) लागत इष्टिमेट तयार गर्दा कुल इष्टिमेट अंकको बढिमा ३ % रकम कन्टीजेन्सी स्वरुप राख्नुपर्नेछ ।

३) स्वीकृत ईष्टिमेटको आधारमा निर्देशनालय र अनुदानग्राही बीच अनुसूची-४ बमोजिमको सम्झौता गरिनेछ।

४) परियोजना निर्माण कार्य अनुदानग्राही आफैंले वा ठेकेदार कम्पनी मार्फत गर्नुपर्नेछ । संरचनाको लागि आवश्यक सम्पूर्ण मेसिनरी यन्त्र तथा उपकरणहरु अनुदानग्राही आफैंले नियमानुसार खरिद गर्नुपर्नेछ।

### ९. अनुदान रकम :

१) परियोजना निर्माण सहयोग कार्यक्रमको कुल लागत इष्टिमेटको बढीमा ७० प्रतिशत रकम अनुदान स्वरुप उपलब्ध गराउने र अनुदानग्राहीले कम्तिमा ३० प्रतिशत खर्च जुटाइ कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

२) अनुदानग्राहीले अन्य पुर्वाधारको व्यवस्था गरी आफुले व्यहोर्ने रकम बैंक दाखिला गरेको वा वित्तिय संस्थाबाट लगानी हुने अवस्थामा वित्तीय संस्थाको प्रतिबद्धता पत्र वा अन्य भरपर्दो जानकारी/विवरण प्राप्त भएपछि मात्र स्वीकृत प्रस्तावकलाई कार्यक्रम अघि बढाउन कार्यादेश दिइनेछ ।

३) सम्बन्धित कार्यालयबाट खटिएको प्राविधिकको स्थलगत मुल्याकंन प्रतिवेदन, कार्य प्रगितको आधारमा बढिमा रु. ४०,००,०००। (अक्षरुपी चालीस लाख रुपैंया मात्र ।) रकम अनुदान स्वरुप अनुदाग्राहीको बैंक खातामा बढीमा तीन किस्तामा उपलब्ध गराईनेछ ।

### १०. मर्मत र सम्भार :

१) परियोजना निर्माण सम्पन्न भई सकेपछि सोको संचालन लगायत मर्मतसम्भार गर्ने सम्पूर्ण जिम्मेवारी सम्बन्धित अनुदाग्राहीको हुनेछ । अनुदानग्राहीले कम्तिमा २० बर्षसम्म अविच्छिन्न रुपमा सम्झौता बमोजिमको प्रशोधन केन्द्र सञ्चालन गर्नुपर्नेछ ।

२) अनुदानग्राहीले आफ्नो परियोजनाको अनिवार्य रुपमा  विमा गराउनु पर्नेछ ।

**११. उद्यमीले पालना गर्नुपर्ने अन्य कुरा :**

१) अनुदानग्राहीले यस कार्यबिधि अनुसार निर्माण हुने परियोजनाको बिवरण, लागत, निर्माण गर्ने ठेकेदारको विस्तृत विवरण झल्किने होडिङ बोर्ड निर्माण स्थलमा टाँस्ने व्यवस्था गर्नुपर्नेछ ।

२) यस कार्यबिधि अनुरुप अनुदान प्राप्त गर्ने अनुदानग्राहीले निर्माण कार्यमा ईन्जिनियरबाट निरिक्षण गरी सम्पन्न कामको मेजरमेन्ट बुक राखी बिल बनाउने व्यवस्था गर्नुपर्नेछ ।

३) सम्पन्न काम र खर्चको प्रतिबेदन मासिक रुपमा मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

४) परियोजना निर्माण वा सञ्चालनको क्रममा मन्त्रालय वा निर्देशनालयबाट दिएको निर्देशन पालना गर्नु पर्नेछ ।

५) अनुदानग्राहीले अन्तिम भूक्तानी माग्नु पूर्व संचालित परियोजना/ अनुदान कार्यक्रमको सार्वजनिकिकरण समेत गरेको हुनुपर्नेछ ।

## परिच्छेद ४

## अनुगमन र विविध

**१२. अनुगमन तथा मुल्याङकन :**

१) परियोजना निर्माण तथा संचालनको अनुगमन मन्त्रालय वा मातहतका निकाय र सम्बन्धित स्थानिय तहले गर्नेछ ।

२) मन्त्रालय र निर्देशनालयले यस कार्यबिधि अनुरुप निर्मित परियोजनाको अनुगमन निरिक्षण गरी आवश्यक निर्देशन दिन सक्नेछन् ।

३) अनुदानग्राहीले उपदफा (२) बमोजिम दिएको निर्देशन पालना गर्नुपर्नेछ ।

४) कार्यक्रम सँचालन पश्चात अनुसूची-५ बमोजिमको उपलब्धि अनुगमन सूचकका आधारमा कार्यक्रमको उपलब्धी मूल्याङ्कन गरिनेछ ।

**१३. सेवा शुल्क निर्धारण :** परियोजना निर्माण गरी संचालन गर्दा अनुदानग्राहीले दफा (६) अनुसारको समितिले सम्बन्धित स्थानीय तह संग समन्वय गरी निर्धारण भए बमोजिम मात्र सेवा शुल्क लिने व्यवस्था गर्नुपर्नेछ ।

**१४. कारबाहीको व्यवस्था :** सम्झौता अनुरुप काम नगर्ने अनुदानग्राहीलाइ  सम्बन्धित निकायले अनुदान रकम रोक्का गर्न सक्नेछ ।यस कार्यविधी अनुरुप अनुदानको दुरुपयोग गरेमा वा रकमको हिसाब नबुझाउने अनुदाग्राहीलाई प्रचलित कानुन बमोजिम कारवाही गरी  असुल उपर गरिनेछ ।

**१५. बाधा अड्काउ फुकाउ :** यस कार्यबिधिमा कार्यान्वयनमा केही बाधा ब्यवधान परेमा वा बिवाद उत्पन्न भएमा सो को अन्तिम निर्णय गर्ने अधिकार मन्त्रालयलाई हुनेछ ।

**१६.** यस कार्यविधिमा उल्लेख भएका विषयहरू यसै बमोजिम तथा अन्य विषयहरू प्रचलित कानून बमोजिम हुनेछन् ।

**१७. संशोधनः** यो कार्यविधि मन्त्रालयले आवश्यकतानुसार संशोधन गर्न सक्नेछ ।

## अनुसूची-१

## प्रशोधन केन्द्र तथा टिस्युकल्चर ल्याव स्थापना सहयोग कार्यक्रम सञ्चालनको लागि आवेदन पेश गर्ने सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति : २०७.../..../....

यस मन्त्रालय अन्तर्गतका निकायद्वारा आ.व. २०७.../.... मा सञ्चालन गरिने प्रशोधन केन्द्र तथा टिस्युकल्चर ल्याव स्थापना कार्यक्रम सहयोगका लागि परियोजनाको पहिलो बर्षको लागतको बढीमा ७० प्रतिशत सम्म अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुंदा देहायबमोजिमको परियोजना सञ्चालन गर्न ईच्छुक गण्डकी प्रदेशका कृषि सम्बन्धि उद्यमी, फार्म, कम्पनी, समुह तथा सहकारीले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र तोकिएको ढाँचामा परियोजना प्रस्ताव सहित देहाय अनुसारको कागजातहरु र निवेदन सम्बन्धित कृषि ज्ञान केन्द्रमा पेश गर्नका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र सं | परियोजनाको किसिम | अनुदान सहयोग | आवश्यक कागजातहरु | कैफियत |
|---|---|---|---|---|
| १ | प्रशोधन केन्द्र तथा टिस्युकल्चर ल्याव स्थापना | कुल लागतको ७० प्रतिशत | • कृषि फार्म वा कम्पनीको हकमा संस्थाको दर्ता प्रमाणपत्र, PAN/VAT दर्ता प्रमाण पत्र र पछिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपीहरु। <br>• कृषक समुह र कृषि सहकारी संस्थाको हकमा को हकमा दर्ता प्रमाणपत्र, बार्षिक अडिट रिपोर्ट र संस्था सञ्चालक समितिको बैठक निर्णयको प्रतिलिपि। <br>• प्रशोधन केन्द्र तथा टिस्युकल्चर ल्याव स्थापना गर्न आवश्यक जग्गा सम्बन्धित स्थानिय तहको सहमतिमा व्यवस्था भएको तथा उक्त संरचना निर्माणका लागि सम्बन्धित स्थानिय तहले उपलब्ध गराएको वा गराउने अनुदान सहयोग सहितको सिफारिस । | |

**पुनश्चः** निवेदन र परियोजना प्रस्ताव यस कार्यालयबाट तयार गरिएको निर्दिष्ट ढांचामा पेश गर्नुपर्नेछ ।निवेदन र परियोजना प्रस्ताव ढांचा यस कार्यालयबाट वा कार्यालयको वेभसाईट बाट प्राप्त गर्न सकिनेछ।

**थप जानकारीका लागि सम्पर्कः**

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय , गण्डकी प्रदेश र मातहतका निकायहरु

Email- molmacprovince4@gmail.com

Website – molmac.p4.gov.np,

फोन नं ०६१-४६७८८५

## अनुसूचि-२
## प्रशोधन केन्द्र तथा टिस्युकल्चर ल्याव स्थापना कार्यक्रम सञ्चालनको लागि आवेदकले पेश गर्ने निवेदनको ढाँचा

रु १० को टिकट

मिति : ..........................

श्रीमान् प्रमुख ज्यू
कृषि ज्ञान केन्द्र ...................

**विषयः प्रशोधन केन्द्र तथा टिस्युकल्चर ल्याव स्थापना अनुदान सम्बन्धमा ।**

महोदय,

म/हामी यस निवेदन फाराममा हस्ताक्षर भएका व्यक्तिहरूबाट **गण्डकी प्रदेश.पा.न ,/गा .पा.** ........... .वडा नं .........................................**स्थान** मा अवस्थित ............................. .................................................................**प्रशोधन केन्द्र तथा टिस्युकल्चर ल्याव** निर्माण अयोजनाको लागि त्यस कार्यक्रमबाट सहयोग पाँउ भनि रू ......। )अक्षरूपी रू. .....................का दरले राजश्व दाखिला गरेको ( बैंक भैचार वा नगदै पेश गरीकार्यक्रम कार्यान्वयनमा लाग्ने मोटामोटी बजेट र समूहको निर्णयको प्रतिलिपी सहित यो निवेदन दिएका छु/छै । मैले/हामीले यस कार्यक्रम अन्तगर्त अपनाउनुपर्ने नीति र कार्यविधिहरू सम्पूर्ण रूपमा बुझेका छु/छैं र त्यसै अनुसार पूर्ण रूपमा सहमत छु/छैं । यसका लागि निवेदनका साथ अन्य अवश्यक कागजातहरू समावेश गरी पेश गरेका छैं ।

**निवेदक**
उद्धमी, कृषक समूह/सहकारी/संस्थाको
अध्यक्ष/प्रतिनिधिको नामः
हस्ताक्षरः
सम्पर्क नं.
मितिः
संस्थाको छापः

## अनुसुची-३

## प्रस्तावको ढाँचा

**१. आवेदक र सम्पर्क व्यक्ति सम्बन्धी विवरण :**

| | |
|---|---|
| **आवेदक नाम :** | |
| पूर्ण ठेगाना (पत्राचारको लागि) : | |
| आवेदक संस्थाको किसिम (कुनै एक मात्रा चिन्ह लगाउने) | १.कृषक समुह<br>२. कृषि फर्म<br>३. कृषि सहकारी संस्था<br>४. कृषि कम्पनी |
| संस्था दर्ता भएको मिति | |
| स्थायी लेखा नम्बर | |
| संस्थाको मुख्य उद्देश्य | |
| प्रोपाईटरको वा अध्यक्षको नाम : | |
| मोवाईल नं. | |
| परियोजना स्थल (कार्य क्षेत्र) | |
| प्रस्तावित आयोजनाको कूल खर्च (यसमा अनुदान र अनुदानग्राहीको तर्फबाट व्यहोर्ने खर्च समेत समावेश गर्ने) | |
| अन्य श्रोत वा वित्तीय सहकार्यमा कुनै काम भइरहेको भए, कुन संस्थाबाट के के उद्देश्यका लागि वित्तीय सहयोग पाउनु भएको छ, खुलाउनुहोस । | |

**२. प्रस्तावनाको औचित्य तथा महत्व**

**औचित्यः**

**महत्वः**

तालिका : ……………………………………को हालको व्यवसायको अवस्था

| क. सं. | हालको व्यवसाय | व्यवसायको आकार | बार्षिक उत्पादन (अनुमानित) | बार्षिक कुल अनुमानित आम्दानी (रु.) | रोजगारी सिर्जना |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| **जम्मा** | | | | | |

**३. फर्मले लागत साझेदारीमा संचालन गर्ने कार्यक्रमको अवधिः-**

**४. परियोजनाका मुख्य मुख्य क्रियाकलापहरु**

| क्र.सं. | क्रियाकलाप विवरण | ईकाई | परिमाण | | | सम्पन्न गर्ने मिति |
|---|---|---|---|---|---|---|
| | | | हाल | थप गने | जम्मा | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**५. बार्षिक आम्दानी र खर्च विश्लेषण (तालिका बनाइ आम्दानी र खर्चको विश्लेषण गर्नुहोस्)**

निष्कर्ष : प्रस्तावित परियोजनामा बार्षिक रुपमा ................के.जी. ............उत्पादन हुने र उत्पादित बस्तुको विक्रि वितरणबाट बार्षिक रु. ............................ कुल आम्दानी गरिने योजना बनाईएको छ। फर्मको प्रस्तावित योजना अनुसार बार्षिक .........................रुपैंया मुनाफा हुने र लाभ लागत अनुपात .................. मा रहने छ।

**६. लागत साझेदारी**

यस संस्थाले संचालन गर्ने यो परियोजनाको कुल लागत करिव रु. ...........................अनुमान गरिएको छ जसमध्ये अनुदान उपलब्ध गराउने संस्थाको लागत रु. .................................. अपेक्षा गरिएको छ जुन कुल लागतको ............. प्रतिशत मात्र हो ।

तालिका : लागत साझेदारीमा सञ्चालन हुने कार्यक्रमहरु र माग गरिएको अनुदान रकमको विवरण

| क्र.सं. | विवरण | बाषिक खर्च (रु.) | अनुदान उपलब्ध गराउने संस्थाको (रु.) | अनुदानग्राहीको लागत (रु.) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

तालिकामा प्रस्तुत भए अनुसार पुंजीगत कार्यक्रमहरु सञ्चालन (स्थिर पुंजी निर्माण) गर्न मात्र अनुदान रकम माग गरिएको हो । यसरी लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्न पाएको खण्डमा यस फर्मले आफ्ना अपेक्षित उपलब्धिहरु हांसिल गर्नेछ । बार्षिक ............. के.जी. ................. उत्पादन एवं विक्रि वितरण गर्न सकिनेछ । साथसाथै व्यवसाय सञ्चालन मार्फत बार्षिक रुपमा ..........जनालाई नियमित र .................जना/दिनको रोजगारी उपलब्ध गराउने र बार्षिक रु. .................. रकम मुनाफा लिन सकिने भएको हुंदा लागत साझेदारीमा यो प्रस्ताव अनुसारको कार्यक्रमहरु सञ्चालन गर्न मनासिव देखिन्छ ।

## अनुसुची-४

## सम्झैता पत्र (नमुना)

१. यो सम्झौता पत्र मन्त्रालय वा मातहतको कार्यालय (प्रथम पक्ष) र अनुदानग्राही (द्रोस्रो पक्ष) बीच प्रशोधन केन्द्र निर्माण कार्यमा अनुदान सहयोग गर्नका लागि मात्र हुनेछ ।

२. सम्झौता भएको मितिदेखि यो सम्झौता लागु भएको मानिनेछ ।

३. द्रोस्रो पक्षले सम्झौतामा उल्लेख भएको कार्यहरु सम्झौता भएको मितिदेखि १५ दिनभित्र सुरु गर्नुपर्नेछ ।

४. प्रथम पक्षले द्रोस्रो पक्षलाई आयोजनाको प्रकृति अनुसार बढीमा तीन किस्तामा सम्झौता बमोजिमको रकम सम्बन्धित कार्यालयबाट खटिएको प्राविधिकको स्थलगत प्रतिवेदन र कार्य प्रगितका आधारमा उपलब्ध गराउनु पर्नेछ ।

५. प्रथम पक्षले किस्ता भुक्तानी गर्दा सम्बन्धित विषय प्राविधिकको प्रतिवेदन र आवश्यकतानुसार आयोजनाको निरीक्षण गरी रकम भुक्तानी गर्नेछ । साथै अनुदान रकम उपलब्ध गराउँदा अनुदानग्राहीको तर्फबाट कृषि यन्त्र उपकरण खरिद तथा वितरण गरेको प्रमाणित बिल भरपाईको आधारमा गरिनेछ ।

६. अनुदानग्राहीले परियोजना/अनुदान कार्यक्रम संचालन भएको स्थानमा विस्तृत विवरण झल्किने होडिङ बोर्ड राख्नुपर्नेछ ।

७. अनुदानग्राहीले अन्तिम भूक्तानी माग्नु पूर्व संचालित परियोजना/ अनुदान कार्यक्रमको सार्वजनिकिकरण समेत गरेको हुनुपर्नेछ ।

८. प्रस्तुत कृयाकलापहरु चालु आ.व. भित्र सम्पन्न गर्नुपर्नेछ ।

९. यस सम्झौतामा उल्लेख भएका नियमहरु यसै बमोजिम र यसमा उल्लेख नभएका नियमहरु प्रचलित नियम कानुन बमोजिम लागू हुनेछ ।

| | |
|---|---|
| प्रथम पक्षको तर्फबाट | द्रोस्रो पक्षको तर्फबाट |
| नाम,थर : | नाम,थर : |
| पद : | पद : |
| संस्थाको नाम र छाप : | संस्थाको नाम र छाप : |
| मिति : | मिति : |

**अनुसूची-५**

**उपलब्धि अनुगमन सूचक**

१. उद्धमीको नाम, ठेगाना:　　　　　　　　२. परिचय पत्र नं.

३. संचालन गरेको व्यवसाय :　　　　　　　　४. व्यवसायको प्रकारः नयाँ/पुरानो

५. लाभान्वित घरधुरी वा कृषक, समुह, सहकारी:

६. प्रदेश सरकारबाट अन्य कार्यमा अनुदान प्राप्तः हो/हैन ।

७. जम्मा संचित पूँजी वा बचत:

८. हाल प्राप्त अनुदानको प्रकार: चालुमात्र/ पूँजीगत मात्र/ दुवै

९. रोजगारीको अवस्था　महिलाः　पुरुषः

**१०. हालको व्यवसायिक विवरण**

| सि. नं. | संचालित मुख्य क्रियाकलापहरू | जम्मा लागत | अनुदान ग्राहीको | सम्बन्धित कार्यालयको | मुख्य क्रियाकलापले पारेको सकारात्मक प्रभाव वा मुख्य उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|---|
| क) | चालु खर्च संग सम्बन्धित | | | | | |
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| | | | | | | |
| ख) | पूँजीगत खर्च संग सम्बन्धित | | | | | |
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |

जम्मा लगानी रू .लागत सहभागीता रू　　　　.　　　　अनुदान प्राप्त रू .

**१० व्यवसायीले ,सहकारी ,समुह .आफ्नै पहलमा गरेका कृषि व्यवसायीकरणका मुख्य मुख्य कार्यहरू**

१.

२.

३.

**११ .आगामी योजनाहरु .....**

## अनुसूची-६

## प्रशोधन केन्द्र स्थापना सहयोग कार्यक्रमका लागि प्रस्ताव मुल्याकंनका आधारहरु

| क्र.स. | मूल्याङ्कनका आधारहरु | अङ्क |
|---|---|---|
| क) | निर्माण गरिने संरचनाको लागि प्रस्तावित जमिनको उपयुक्तता | |
| | १) पर्याप्त तथा उपयुक्त जमिन भएको | २० |
| | २) पर्याप्त तथा उपयुक्त जमिनको सम्भावना भएको | १५ |
| | ३) अपर्याप्त तथा अनुउपयुक्त जमिन भएको | ० |
| ख) | निर्माण गरिने संरचनाको आकार/क्षमता | |
| | १) ठुलो क्षमता ............. के.जी./क्विन्टल/टन | १० |
| | २) मझौला क्षमता............. के.जी./क्विन्टल/टन | ७ |
| | ३) सानो क्षमता............. के.जी./क्विन्टल/टन | ५ |
| ग) | प्रस्तावकको आर्थिक क्षमता | |
| | १) कार्यविधिमा उल्लेख भएअनुसारको लगानी गर्न सक्ने क्षमता भएको | १० |
| | २) कार्यविधिमा उल्लेख भएअनुसारको लगानी गर्न सक्ने सम्भावना देखिएको | ५ |
| | ३) कार्यविधिमा उल्लेख भएअनुसारको लगानी गर्न सक्ने सम्भावना न्युन देखिएको | २ |
| घ) | प्रस्तावकको प्रकार | |
| | १) सहकारी वा संस्था | २० |
| | २) कृषक समूह | १५ |
| | ३) कृषक वा अन्य | १० |
| ङ) | स्थानीय तहको लागत सहभागीता (Matching fund) | |
| | १) स्थानीय तहको लागत सहभागीता देखिने | २० |
| | २) स्थानीय तहको लागत सहभागीता नदेखिने/नभएको | १५ |
| च) | प्रस्तावकको हाल गरिरहेको खेति व्यवसायको अवस्था | |
| | १) आधुनिक प्रविधिमा/व्यवसायिक आधारित (Commercial) | १० |
| | २) अर्ध आधुनिक (Semi-mechanized/ semi-commercial) | ७ |
| | ३) परम्परागत शैलीमा आधारित | ५ |
| छ) | प्राबिधिक संभाब्यता | १० |
| | **जम्मा** | **१००** |